नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गौर, रौतहट
(प्रशासन शाखा)

फोन नं. ०५५-५२०३६९,
फ्याक्स ०५५-५२००३३,

पत्र संख्या : ०७९/०८०
चलानी नं. : 3295

मिति :२०७९/०६/११

**विषय : "जागरुक उपभोक्ता, जिम्मेवार बिक्रेता" अभियानमा आवद्धता सम्बन्धमा ।**

श्री स्थानीय तह सबै, रौतहट ।
श्री जिल्लास्थित सबै सरकारी कार्यालयहरु, रौतहट ।

उपरोक्त सम्बन्धमा गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) सिंहदरवार, काठमाडौंको च.नं. ३९० मिति २०७९।०६।०७ गतेको पत्रसाथ बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको च.नं. २६० मिति २०७९।०६।०५ गतेको पत्रवाट उपभोक्ता तथा बिक्रेतालाई थप सचेत एवम् जिम्मेवार बनाउदै जाने हेतुले "जागरुक उपभोक्ता, जिम्मेवार बिक्रेता" शीर्षकमा विशेष सचेतना अभियान आरम्भ गरेको जानकारी गराउँदै यस मन्त्रालय मातहतका सबै जिल्ला प्रशासन कार्यालय तथा ईलाका प्रशासन कार्यालयहरुलाई सदाझै सहकार्य गर्न सन्देशमूलक सूचनालाई यसै पत्रसाथ संलग्न राखी सबै कार्यालयले आ-आफ्नो वेभसाइटमा राखिदिन, कार्यालयको सूचना पाटिको अलावा स्थानीय प्रमुख बजार केन्द्रहरुमा सबैले देख्ने गरी होडिङ बोर्ड/फ्लेक्स बनाई राखिदिन र ती कार्यालयबाट हुने बजार अनुगमनको क्रममा यसै बमोजिमका प्याम्प्लेट बनाई वितरण गर्ने लगायतका कार्य गर्ने गराउने प्रबन्ध मिलाउन अनुरोध भई आएकोले यसै पत्रसाथ संलग्न सन्देशमूलक सूचनाको छायाँप्रति पाना १ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७९/६/११

मणिभुषण शाह
प्रशासकीय अधिकृत

Email: rautahat.dao@gmail.com, Website: daorauahat.moha.gov.np, Facebook : https://www.facebook.com/daorautahat

ख.ध.न - ५६९
६।६


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**

फोन नं. : ४२४७९१२, ४२४७९१३
फ्याक्स नं. : ४२४९६०३
इमेल : mail@doc.gov.np

ववरमहल,
काठमाण्डौं


प.सं. : २०७९/०८०
च.नं. : २६०

मिति २०७९।०६।०५

विषय: "जागरुक उपभोक्ता, जिम्मेवार बिक्रेता" अभियानमा आवद्धता सम्बन्धमा ।

श्रीमान् सचिवज्यू,
गृह मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

श्री सुरक्षा तथा समन्वय

उपरोक्त सम्बन्धमा उपभोक्ताको हक हितको संरक्षणको क्षेत्रमा यस विभाग निरन्तर रुपमा क्रियाशिल रहेको र यस कार्यमा तहाँ मन्त्रालय र मातहतका जिल्ला प्रशासन कार्यालयहरुबाट पनि निरन्तर समन्वय, सहयोग र सहकार्य भैरहेको नै छ ।

यसै क्रममा उपभोक्ता तथा बिक्रेतालाई थप सचेत एवम् जिम्मेवार बनाउँदै जाने हेतुले यस विभागले "जागरुक उपभोक्ता, जिम्मेवार बिक्रेता" शिर्षकमा विशेष सचेतना अभियान आरम्भ गरेको श्रीमान समक्ष सहर्ष जानकारी गराउँन चाहान्छु ।साथै यस सचेतना अभियानमा तहाँ मन्त्रालय मातहतका सबै जिल्ला प्रशासन कार्यालय तथा ईलाका प्रशासन कार्यालयहरुलाई सदाझै सहकार्य गर्न; यसै पत्र साथ संलग्न सन्देशमूलक सूचनालाई सबै कार्यालयले आ-आफ्नो वेभसाइटमा राखिदिन; कार्यालयको सूचना पाटिको अलावा स्थानीय प्रमुख बजार केन्द्रहरुमा सबैले देख्ने गरी होडिङ बोर्ड/फ्लेक्स बनाई राखिदिन र ति कार्यालयबाट हुने बजार अनुगमनको क्रममा यसै बमोजिमका प्यामप्लेट बनाई वितरण गर्ने लगायतका कार्य गर्ने गराउने प्रबन्ध मिलाउन आवश्यक निर्देशन दिनुहुन सादर अनुरोध छ ।

महेश भट्टराई
(महानिर्देशक)

# जागरुक उपभोक्ता ! जिम्मेवार बिक्रेता !!

- गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्नु उपभोक्ताको अधिकार हो; प्रवाह गर्नु बिक्रेताको कर्तव्य।
- विना भेदभाव वस्तु वा सेवा खरिद गर्न पाउनु उपभोक्ताको अधिकार हो; प्रवाह गर्नु बिक्रेताको कर्तव्य।
- आफूले प्रदान गर्ने वस्तु वा सेवाको नाम र सोको मूल्यसूची स्पष्ट रूपमा सबैले देख्ने ठाउँमा राख्नु बिक्रेताको कर्तव्य हो; हेर्न पाउनु उपभोक्ताको अधिकार।
- वस्तु वा सेवा खरिद गर्दा भुक्तानी गरेको मूल्य बराबरको बिजक प्राप्त गर्नु क्रेताको अधिकार हो; आफूले प्राप्त गरेको रकम बराबरको बिजक जारी गर्नु बिक्रेताको कर्तव्य।
- खरिद गर्न चाहेको वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर बारेमा सूचित हुन पाउने उपभोक्ताको अधिकार हो; त्यस्तो सूचना दिनु बिक्रेताको कर्तव्य।
- वस्तु वा सेवाको प्रयोगबाट भएको हानि, नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने उपभोक्ताको अधिकार हो; त्यस्तो क्षतिपूर्ति दिनु बिक्रेताको कर्तव्य।
- खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति उल्लेख छ छैन ख्याल गरौं। उपभोग्य मिति समाप्त भैसकेको वस्तु बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- बजारमा कुनै पनि वस्तुको कृत्रिम अभाव सिर्जना गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- खाद्य पदार्थलाई आकर्षक देखाउन अखाद्य रङ्ग वा पदार्थको प्रयोग गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।

उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं; सोको आधार प्रमाण सहित वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (https://crmis.doc.gov.np; टोलफ्री नं. ११३७) वा यसका क्षेत्रीय कार्यालय, जिल्ला प्रशासन कार्यालय, .................... (Email: .......................................... फोन नं. ............) वा सम्बन्धित स्थानीय तहमा उजुरी दिई उपभोक्ता हितको संरक्षण गरौं।

उपभोक्ता हित संरक्षण अभियानमा -

मेरो सहकार्य ! तपाईंको सहकार्य !! हामी सबैको सहकार्य !!!

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
.............................

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**
बबरमहल, काठमाण्डौं